अपर तामाकोसी २ दिनभित्रै पुनः सञ्चालनमा आउने



दिलबहादुर केसी

दोलखा- देशकै सबैभन्दा ठूलो जलविद्युत आयोजना माथिल्लो तामाकोसी जलविद्युत केन्द्र (४५६ मेगावाट) दुई दिनभित्रै पुनः सञ्चालनमा आउने भएको छ। असोज १२ गतेको पहिरोले क्षतिग्रस्त संरक्षण मर्मतको काम अन्तिम चरणमा पुगेकाले अबको दुई दिनभित्रै सञ्चालनमा आउने भएको हो।

अहिले तत्कालका लागि कम क्षति भएकोलाई ममर्त गरी विद्युत उत्पादन सुचारु हुन्छ। कम क्षति भएको बाँयातर्फको डिस्याण्डर र भूमिगत कल्भर्ट पुनः निर्माण गरेर विद्युतगृह सञ्चालनमा ल्याउन लागिएको छ। बायाँतिरको डिस्याण्डर र भूमिगत कल्भर्ट पुनः निर्माणको काम अन्तिम चरणमा पुगेको छ।

विद्युतको माग धान्नका लागि माथिल्लो तामाकोसीको मर्मत चाँडो पूरा गर्न र पुनः सञ्चालनमा ल्याउनका लागि अपर तामाकोसी हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत मोहन गौतमसहितको सिंगो टिम लामाबगरमै खटिँदै आएको छ। नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ पनि बेलाबेलामा लामाबगर पुगेर पुनः निर्माणको निरीक्षण र आवश्यक प्रबन्ध गर्दै आएका छन्।

कम्पनीले पछिल्लो पटक पुस १० गते विद्युत उत्पादन गर्ने लक्ष्य बनाएको छ। 'विद्युत उत्पादनका लागि करिब अन्तिम अवस्थामा पुगेका छौं,' निर्माणस्थल लामाबगरबाट प्रमुख कार्यकारी अधिकृत गौतमले भने, 'सम्भवतः सोमबार साँझबाट बाँधमा पानी जम्मा गर्न सुरु हुन्छ।' मर्मत भइसकेको एउटा डिस्याण्डरमा पानी भरेर सकेसम्म लक्षित मितिभन्दा अघि नै विद्युत उत्पादन सुरु गर्ने योजना बनाएको उनले बताए। एक दिनअघि विद्युत उत्पादन गर्दा पनि देशमा ठूलो राहत हुने भएकाले प्रयासरत रहेको उनले बताए।

आपत्कालीन अवस्थामा रोल्वालिङ खोला जलविद्युत आयोजनाकै निर्माण कम्पनी हाई हिमाल कन्स्ट्रक्सनमार्फत् सफा गर्ने र मर्मतको काम जारी छ। बढी क्षति भएको र सुरक्षा कक्ष भवनका लागि भने सार्वजनिक खरिद ऐनअन्तर्गत नयाँ ठेक्का लगाउने तयारी छ। नयाँ ठेक्का लगाउँदा पनि वर्षात् अघि काम पूरा गर्ने गरी तयारी भएको उनले बताए।

बायाँ पोखरी ममर्तपछि नदी प्रवाह (आरओआर) प्रणालीबाट खोलामा पानी उपलब्ध भएसम्म बिजुली उत्पादन गर्ने तयारी छ। माथिल्लो तामाकोसीको दुईवटा पोखरीमध्ये दायाँतर्फको ४० प्रतिशत क्षति भएको छ भने बायाँतर्फको २० प्रतिशत क्षति छ।

दुईवटै पोखरी सञ्चालनमा आउँदा बाँधमा पानी जम्मा गरेर आवश्यक समय साँझ र बिहान ४५६ मेगावाट नै उत्पादन गर्न सकिन्थ्यो। तर एउटामात्रै पोखरी चल्ने हुँदा अधिकतम दुई सय मेगावाटसम्म विद्युत उत्पादन गर्न सकिने अनुमान छ। नदीमा आएको [illegible] सिधै पोखरीमा [illegible] अहिले १७० मेगावाट र अति सुक्खा समयमा ९० मेगावाटसम्म मात्रै उत्पादन हुने अनुमान छ। सक़ेसम्म एउटा मात्रै पोखरी चलाउँदा पनि बाँधमा पानी जम्मा गरेर साँझ र विहान बढी विद्युत उत्पादन गर्न मिल्ने गरी सञ्चालन तयारी भएको छ।

जलविद्युत केन्द्रको अनुमानभन्दा बढी क्षति भएको र काब्रेभीरमा सडकसमेत क्षति भएपछि माथिल्लो तामाकोसी पुनः सञ्चालनमा ढिलाइ भएको हो। अब कम क्षति भएको बायाँतर्फको पोखरी र कल्भर्टमा कंक्रेटिङको काम करिब पूरा भएको छ। अत्यधिक चिसोका कारण कंक्रिटमा पछिल्लो समय केही ढिला भएको हो।

बालुवा थिग्रयाउने पाखरीको पानी भरिने सतह १९ सय ८७ मिटर उचाइसम्म हो। तर माथिबाट ठूलो ढुंगा आएर पोखरीमा खस्दा १९ सय ८३ मिटरसम्म क्षति भयो कि भन्ने प्रारम्भिक अनुमान थियो। तर सफा गरेर भित्र हेर्दा १९ सय ७६ मिटरसम्म क्षति भएको पाइएकाले सफा गर्न नै समय लागेको हो।

पहिरोले माथिबाट १० मिटर अग्लो ढुंगो झरेर बसेको थियो। ढुंगा र लेदो सबै सफा भइसकेको छ। पहिरो र बाढीले पुऱ्याएको क्षतिको प्रारम्भिक विवरणअनुसार एक अर्ब ८० करोड रुपैयाँको बीमा दाबी गरिएको अपर तामाकोसी हाइड्रोपावर कम्पनीका सीईओ मोहन गौतमले बताए। माथिल्लो तामाकोसीको बीमा राष्ट्रिय बीमा कम्पनीमा गरिएको छ।

विद्युत उत्पादन बन्द भएको समयमा विद्युत गृहभित्रका मर्मत गरेको छ भने पहिरोले क्षतिग्रस्त सिंगटीको ४६ नं. टावरको समेत मर्मत पूरा गरेको छ। बाढी पहिरोले क्षतिग्रस्त संरचनाको प्राविधिक अध्ययन र [illegible] एनइए इन्जिनियरिङ कम्पनीलाई जिम्मा दिएको छ। उसैको सिफारिसका आधारमा कम्पनीले पुनः निर्माणको काम गर्नेछ।

देशकै सबैभन्दा ठूला जलविद्युत केन्द्र बन्द हुँदा सुक्खा सिजनमा विद्युतको माग धान्न भारतबाट विद्युत आपूर्ति बढाउनु परेको छ भने औद्योगिक क्षेत्रमा अघोषित लोडसेडिङ गर्नुपर्ने बाध्यता छ।

पाँच महिनामा १६ सयभन्दा बढी पर्यटक पुगे फोक्सुण्डोमा

वीरेन्द्रनगर (कास)- डोल्पाको फोक्सुण्डो गाउँपालिका-८ मा पर्ने फोक्सुण्डो ताल आन्तरिक पर्यटकको रोजाइँमा पर्ने गरेको छ। गत साउन महिनादेखि कात्तिक महिनासम्म मात्रै स्वदेशी र विदेशी गरेर १६ सय ३२ पर्यटकले फोक्सुण्डो तालको अवलोकन गरेको फोक्सुण्डो राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत नुरेन्द्र अर्यालले जानकारी दिए।

डोल्पाको प्रमुख पर्यटकीय गन्तव्यको रूपमा रहेको फोक्सुण्डो ताल अवलोकन गर्न विदेशीभन्दा स्वदेशी पर्यटक धेरै भित्रिएको उनको भनाइ छ। पाँच महिनाको अवधिमा सार्क राष्ट्र र अन्य राष्ट्र गरेर ३२६ जना पर्यटकले फोक्सुण्डो घुमेको र जसबाट १० लाख ५३ हजार राजस्व प्राप्त भएको निकुञ्जले जनाएको छ।

जारी आर्थिक वर्षको सुरुदेखि कात्तिक महिनासम्म वन पैदावार



बिक्री वितरण, पर्यापर्यटन, दण्ड सजायलगायतका शीर्षकबाट कुल ६५ लाख ७० हजार राजस्व संकलन भएको निकुञ्जले जानकारी दिएको छ। फोक्सुण्डो ताल, त्रिपुरासुन्दरी मन्दिर, शे-गुम्बा, धो तरापजस्ता सुन्दर धार्मिक तथा पर्यटकीय गन्तव्य डोल्पामै पर्ने भएकाले पनि केही वर्षयता पर्यटकको संख्या बढ्दै गएको त्रिपुरासुन्दरी नगरपालिका-१ की सुमित्रा श्रेष्ठले बताइन्।

नेपालगन्जदेखि डोल्पा आउने जहाज नियमित, भेरी करिडोरको सुधार तथा सुविधायुक्त होटलको व्यवस्था भएमा पर्यटकको संख्या उल्लेख्य मात्रामा वृद्धि हुने उनको भनाइ छ। व्यापार, व्यवसाय प्रवर्द्धनका हिसाबमा डोल्पालीलाई विदेशीभन्दा पनि स्वदेशी पर्यटक आउन फाइदा हुने सदरमुकाम दुनैका होटेल व्यवसायी बताउँछन्।

नेपालगन्ज-सुर्खेत-जाजरकोट-रुकुम हुँदै मोटरसाइकल र गाडीमा सजिलै डोल्पा दुनैसम्म पुग्न सकिने भएकाले पनि जहाजभन्दा अधिकांश पर्यटक मोटरसाइलमा डोल्पा पुग्ने गर्दछन्। डोल्पामा चिसो बढे पनि अझैसम्म फोक्सुण्डो घुम्न आउने पर्यटक आउनेक्रम जारी रहेको फोक्सुण्डो राष्ट्रिय निकुञ्जले जनाएको छ।

१५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१/०९/०९)

यस बैंकका निक्षेपकर्ता कैलाली जिल्ला लम्की चुहा न.पा. वडा नं ०९ बस्ने नवराज जैसीको मिति २०८१/०६/११ मा निधन भएको र निजको नाममा यस बैंक स्थित खातामा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी कैलाली जिल्ला लम्की चुहा न.पा. वडा नं ०९ बस्ने निज मृतक खातावालाका छोरा (नाता) पर्ने नेत्र प्रसाद जैसीले सम्बन्धित कागजात समेत संलग्न राखी यस बैंक समक्ष निवेदन पेश गर्नु भएकोले निज खातावालाको निक्षेपउपर अरु कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय टिकापुर वा केन्द्रीय कार्यालय नक्साल, काठमाडौंमा हकदावी गर्न आउनु होला। उल्लिखित समयावधी भित्र कसैको हकदावी पर्न नआएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम मृतक खातावालाका छोरा (नाता) पर्ने नेत्र प्रसाद जैसीको माग अनुसार निक्षेप रकम भुक्तानी भई जाने र पछि कसैको हकदावी एवं उजुरी समेत नलाग्ने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Head Office: Naxal, Kathmandu, Nepal

भुल सुधार

श्री आदरणिय शेयरधनी महानुभावहरु,

मिति २०८१ पौष ७ गते बसेको कर्पोरेट डेभलपमेण्ट बैंक लि. को सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८१/०९/०८ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा साधारण सभा बस्ने मिति २०८१ साल पौष २९ गते सोमबार (जनवरी १३, २०२५) हुनुपर्नेमा अन्यथा हुन गएकोले उपरोक्त अनुसार हुने गरी भुल सुधार गरिएको छ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

प्रधान कार्यालय : गीता मन्दिर रोड, वीरगंज, पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय : बसपार्क (बाईपास) बिरगंज, ड्राईपोर्ट, श्रीसिया, वीरगंज, टेढारोड, पोर्खी, (जीतपुर)

Scanned with CamScanner